# पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

ट्रेड टावर नेपाल-११, थापाथली, काठमाण्डौं
फोन नं ०१-५१११००८
E-mail: pic@peoplesinvestment.com.np
Web: www.peoplesinvestment.com.np

## १४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०७८।१०।२३

मितिः २०७८/१०/१७ गते सोमबारका दिन बसेको यस कम्पनीको संचालक समितिको ११५ औं बैठकको निर्णय अनुसार कम्पनीको १४ औं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

## साधारण सभा हुने मिति, स्थान र समय

| | | |
|---|---|---|
| मिति | : | २०७८ फागुन १८ गते बुधबार (तद् अनुसार मार्च २, २०२२) |
| स्थान | : | पिपुल्स ईन्भेष्टमेन्ट कम्पनी लिमिटेडको कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ |
| समय | : | बिहानको १० :३० बजे |

विश्वभर फैलिएको कोभिड १९ माहामारीको कारण नेपाल सरकारले तोकेको सुरक्षाको मापदण्ड पालना गर्दै र सरकारले तोकेको सिमा भित्र मात्र शेयर धनीहरु सभामा प्रवेश गर्न सक्नु हुने भएता पनि आधिकारीक शेयरधनीहरुको उपस्थितिको लागी अनलाईन (भर्चुअल) माध्यमको सहभागिताको पनि व्यवस्था गरीएको छ र अनलाईन उपस्थितीलाई सभाहलमा उपस्थिति भए सरह मान्यता प्रदान गरीने छ।

**छलफलको विषय**

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने १४ औं वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन आ.व. २०७७/०७८ आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७८/७९ को लेखापरिक्षण कार्यको लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. यस कम्पनीको नियमावली बमोजिम ७ जना संचालक समितिको निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्ताव :**

१. कन्चनजंघा हाउजिङ लिमिटेड र पिपुल्स ईन्भेष्टमेन्ट कम्पनी लिमिटेड दुबै कम्पनीहरु एक आपसमा गाभ्ने/मर्जर गर्ने संम्बन्धमा संचालक समितिको निर्णयहरु तथा १३ औ वार्षिक साधारणले गरेको निर्णयहरु वदर गर्ने सम्बन्धमा।
२. चुक्ता पूँजीको १: ०.३० (दश बराबर तीन शेयर) अनुपातमा अर्थात ३० प्रतिशत हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने।
३. कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम सञ्चालक समितिबाट पेश गरेको रणनीतिक योजना पारित गर्ने सम्बन्धमा।
४. ऋण पत्र निष्काशन गर्ने सम्बन्धमा।
५. यस कम्पनीको लीज सम्पत्ति बिक्री गर्ने बारे।
६. कम्पनीको रजिष्टर कार्यालय परिवर्तन गर्न तथा परिवर्तित ठेगाना अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।
७. यस कम्पनीको प्रबन्ध पत्रको दफा ८ को उपदफा (छ) को १ मा थप प्रस्ताव गरिए बमोजिम संशोधन गर्ने।
८ हकप्रद शेयर निष्काशन पछि चुक्ता पुँजी वृद्धि हुने हुँदा सोही बमोजिम प्रबन्ध पत्र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।
९. प्रबन्धपत्र तथा नियमावलीको नियमनकारी निकायबाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न संचालक समितिलाई अख्तियारी दिने।

**(ग) विविध**

अनलाईन (भर्चुअल) माध्यमबाट आफ्नो सहभागिता जनाउने वा मन्तब्य राख्न चाहने शेयरधनी महानुभावहरुले pic@peoplesinvestment.com.np मा ईमेल गरी वा ९८४३२९९३७४ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगाडी नै आफ्नो नाम, ठेगाना, ईमेल, सम्पर्क नम्बर र शेयरधनी नम्बर अनिवार्य रुपले टिपाउनु पर्ने छ। भर्चुअल मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID/ Password उपलब्ध गराई सभामा सहभागि हुने व्यवस्था मिलाईने छ । अनलाईन उपस्थितीलाई सभाहलमा उपस्थिति भए सरह मान्यता प्रदान गरीने छ। सभा शुरु हुनु भन्दा एक घन्टा अगाडीबाट भर्चुअल माध्यम खुल्ला गरीने छ। उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने माहानुभावहरुले उपलब्ध गराईएको ID/Password को माध्यमबाट Log in गरी आफ्नो परिचय, शेयर धनी नम्बर, शेयर संख्या सहित आफ्नो उपस्थितीको जानकारी सभालाई गराउनु पर्ने छ।

कम्पनीको शेयर दाखिला खारेजको काम बन्द हुने मितिः २०७८/१०/१० गते एक दिन शेयर दाखिल खारेजीको दर्ता बन्द रहने छ।

निर्वाचन कार्य तालिका कम्पनीको वेबसाईट तथा सूचना पाटीमा राखिनेछ।

साधारण सभा सम्बन्धी थप जानकारी www.peoplesinvestment.com.np मा उपलब्ध गरिने छ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव